## एमालेको...

थालेका हौँ । त्यसमा उत्साह देखिएको छैन ।' नवीकरणको विषयलाई पहिलेभन्दा कडाइ गरिएको कारणले कमी आएको एमाले नेताहरूको दाबी छ । तर एमाले अध्यक्ष केपी शर्मा ओलीले भने बेग्लै दाबी गरेका छन् । उनले सार्वजनिक रूपमा नै भनेका छन् एमाले र माओवादी एकीकरण हुँदा उसले करिब चार लाख पार्टी सदस्य भएको विवरण बुझायो, ती वास्तविक सदस्य थिएनन्, उनीहरूलाई मतदाता नामावली हेरेर सदस्य विवरण बुझाइयो, त्यसैले ती मतदाताले सदस्यता नवीकरण गर्ने कुरा भएन त्यसैले ती नआउँदा घटेजस्तो देखिएको हो ।

एमालेको बचाउ गर्ने एक नेताले भने, 'पहिले नेतृत्वका लागि प्रतिस्पर्धा रहेका व्यक्तिले शुल्क पनि बुझाइदिने गरेका थिए । तर अहिले त्यसमाथि रोक लगाइएको छ । सदस्य आफैँले शुल्क तिरेर सदस्यता नवीकरण गराउनुपर्छ,' ती सदस्यले भने, 'अहिले सरकार लगाएर तत्काल लाभको स्थानमा पुग्ने सम्भावना नहुँदा पनि एकथरीले सदस्यता नवीकरणमा वास्ता नगरेको देखिन्छ ।'

२०७४ सालको चुनावमा एमाले र माओवादी केन्द्रले संघीय संसद्मा करिब दुईतिहाइ र सात प्रदेशमध्ये ६ प्रदेशमा बहुमत प्राप्त गरेको थियो । यसपटक भने केन्द्र र प्रदेश सरकारमा एमाले प्रतिपक्षमा रहेको छ ।

एमालेभित्र आन्तरिक रूपमा गरिएको समीक्षामा नयाँ दलको प्रभाव हुनसक्ने छलफल रहेको छ । गत वैशाखमा भएको केन्द्रीय कमिटीको बैठकमा अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा सत्तारूढ गठबन्धनको विकल्पको रूपमा एमालेलाई मतदाताले नलिएको भन्दै त्यसलाई गम्भीर चिन्ताको विषय भएको औंल्याइएको थियो ।

मंसिरमा भएको संसदीय निर्वाचनमा अघिल्लो चुनावमा भन्दा समानुपातिकतर्फ मत घटे पनि पहिलो भएको थियो । गत वैशाख १० गते भएको उपनिर्वाचनमा एमालेको परिणामले एमालेको प्रतिनिधिसभाको सिट संख्या तलमाथि नभएर पनि उम्मेदवारको मत भने उल्लेख्य रूपमा घटेको थियो, जसलाई अध्यक्ष ओलीले चिन्ताको विषय भनेका थिए ।

लामो समयमा निष्क्रिय रहेको पार्टी संगठनलाई चलायमान बनाउन एमालेले फागुनदेखि वैशाखसम्म 'मिसन ग्रासरुट' अभियान चलाएको थियो । त्यस लगत्तै भूमिगतकालीन पार्टी सञ्चालनको अभ्यास सुरु गरेको थियो । जसमा नेताहरूलाई आफ्नो भूगोलको जिम्मेवारीमा केन्द्रित गरेको थियो र आफ्नो गृहस्थल रहेको भन्दा फरक भूगोलमा जिम्मेवारी दिएको थियो ।

नेकपा हुँदा तल्लो तहसम्मको संगठनात्मक गतिविधिहरू ठप्प रहेको थियो । २०७७ फागुन २३ गत सर्वोच्च अदालतको फैसलापछि नेकपा विभाजन भएर एमाले बन्यो । त्यही एमालेमा समेत २०७८ भदौमा आइपुग्दा विभाजित भएको थियो । जसले एमालेको आन्तरिक जीवनलाई प्रभावित पारेको थियो ।

एमालेको संगठन संरचना चलायमान हुन नसक्दा अध्यक्ष ओलीले नै सार्वजनिक रूपमा 'हिप्पोपोटामस' जस्तो भएको भन्दै आलोचना गरेका थिए । उनले ठूलो ज्यान भए पनि हिप्पोपोटामसले दूध पनि नदिने र मासु पनि खान नमिल्ने हुँदा उपयोग नभएको जस्तै पार्टी संगठन भएको बताएका थिए ।

एमाले नयाँ पुस्तालाई पार्टीप्रति आकर्षित गर्न नसकिएको निष्कर्षसहित उनीहरूलाई ल्याउन विभिन्न कार्यक्रम घोषणा गरेको थियो । त्यसमा ४० वर्षभन्दा कम उमेरमा युवाहरूलाई पार्टीको सबै कमिटीमा निश्चित प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिने विषयसमेत रहेको थियो ।

गत वैशाखमा भएको एमाले केन्द्रीय कमिटीको बैठकले केन्द्रीय सदस्यको कार्यविभाजन गर्ने, पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई प्रभावकारी ढंगले काम गराउने, जनपरिचालन गर्ने, संगठन विस्तार गर्ने र पार्टीमा युवाको आकर्षण र सहभागिता विस्तार गर्नुपर्ने देखिएकाले नयाँ खाले अभियान सञ्चालन गर्ने लगायतका १४ वटा निर्णय गरेको थियो ।

मिसन ग्रासरुटबाट प्राप्त भएको सुझावको आधारमा नयाँ कार्यक्रम ल्याएको जनाएको थियो । जसमा एमालेका नेताका छोराछोरीलाई राजनीतिमा ल्याउन 'देशभरी छोराछोरी' कार्यक्रम ल्याएको थियो । बाबुआमा एमालेमै हुने र उनीहरूको सन्तान नयाँ दल र स्वतन्त्र उम्मेद्वारतर्फ आकर्षित हुनुले पनि एमालेको सदस्य संख्यामा धक्का स्वभाविकै मानिएको छ ।

अहिले सबै सदस्यहरूले भेला बोलाइएको ठाउँमा गएर आफैँले नवीकरण गर्नुपर्ने केन्द्रको निर्देशनपछि नवीकरण संख्या घट्नु स्वभाविक भयो । वर्षातको बेला आवागमनको समस्या र खेतीपातीको चटारोले पनि नवीकरण अभियानमा समस्या देखापरेको एमालेको दाबी छ । आगामी पुस-माघमा पनि नवीकरण गर्न पाइने भएकाले अहिले नै नगरौं भन्ने सदस्यहरूको संख्या धेरै छ । एमालेको सदस्य संख्या शिक्षक फाँटमा धेरै भएको र शिक्षक कर्मचारीहरूलाई के गर्ने भन्ने दुविधाले पनि संख्या केही घटेको एमाले नेतृत्वको दाबी छ ।

यसैबीच एमालेको पार्टी सदस्य संख्या घटेको तथ्यहरू बाहिर आएपछि कार्यकर्ता थामथुम पार्न सो पार्टीले औपचारिक रूपमा नै त्यसको खण्डन गर्नुपर्ने अवस्था आएको छ । यस्ता विषयमा यति छिट्टै प्रतिक्रिया जनाउनुलाई एमालेमा पार्टी सदस्यको तथ्य एकातिर तर्क अर्कोतिर भन्ने स्पष्ट भएको छ ।

नेकपा (एमाले)ले पार्टीमा रहेका संगठित सदस्यहरूको संख्या नघटेको दाबी गरेको छ । एमालेका संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले बिहीबार विज्ञप्ति जारी गर्दै एमालेको सदस्य संख्या नघटेको दाबी गरेका छन् ।

'नेकपा (एमाले) को सदस्य घटे भन्ने बजार हल्लामा कुनै सत्यता छैन', उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सच्चा पार्टी सदस्यको अभिलेख अद्यावधिक गर्ने क्रममा यसपटक नवीकरण मात्रै भएको छैन, उल्लेख्य संख्यामा नयाँ कमरेडहरू सदस्यताको प्रक्रियामा आएका पनि छन् ।'

उनले प्रत्येक वडामा मतदाता संख्याको कम्तीमा तीन प्रतिशत सदस्य पुऱ्याउने र पार्टीको एघारौं महाधिवेशनसम्ममा १० लाख गुणस्तरीय सदस्य पुऱ्याउने लक्ष्य रहेको उल्लेख गरेका छन् ।

एमालेले दशौं महाधिवेशनका बेला रहेको त्रुटिलाई पनि सच्याउने क्रममा अहिले वास्तविक पार्टी सदस्य संख्या रहेको स्पष्ट पारे । एमालेले महाधिवेशनको आयोजना नभएको समयमा अहिले सक्रिय सदस्यको यथार्थ संख्या र योग्यतम सदस्यको मात्र नवीकरण गरिएको उनले बताए ।

'दशौं महाधिवेशनमा कायम भएका सदस्यमा एकातिर एकीकृत समाजवादीतर्फ गएका सबै सदस्यको नाम यथावत् कायम थियो भने अर्कोतिर नेकपाकालमा अनुचित ढंगले दिइएका सदस्यको ठूलो संख्या पनि त्यसमा पर्न गएको थियो । तसर्थ, त्यो एमालेको वास्तविक सदस्य संख्या थिएन', उनले भनेका छन्, 'यो कुरा नवौं महाधिवेशनको आँकडा हेर्दा पनि स्पष्ट हुन्छ । २०७१ सालमा सम्पन्न भएको नवौं महाधिवेशनमा २ लाख ५६ हजार ७ सय ७२ जना मात्रै पार्टी सदस्य थिए ।'

संगठन विभाग प्रमुख अधिकारीले एमालेले यसअघि महाधिवेशनदेखि महाधिवेशनमा मात्रै सदस्यको सदस्यता नवीकरण हुने गरेको र जसले गर्दा निष्क्रिय सदस्यले पनि नवीकरण गर्ने अवसर पाउने गरेको उल्लेख गरेका छन् ।

'नेतृत्वका आकांक्षीबाट कतिपय अवस्थामा अन्य भोटर सदस्यको शुल्क तिरिने, दबाब दिएर कमिटीमा निर्णय गराइनेजस्ता अनियमित कामका कारण अनुचित ढंगले पनि संख्या बढ्न पुग्थ्यो । एमालेको इतिहासमा यसपटक त्यसमा क्रमभंग गरिएको छ', उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

## झोलुंगे ...

'मध्यपहाडसँग छुटेको गाउँलाई झोलुंगे पुलले जोडेर सहज भएको छ, जिल्ला सदरमुकाम जानलाई यहाँका बासिन्दाको एक घन्टाको यात्रा छोटो भएको छ', उनले भने, 'झोलुंगे पुल निर्माणसँगै स्थानीयवासीलाई स्वास्थ्यचौकी, विद्यालय र वडा कार्यालय आवतजावत गर्न सहज भएको हो ।'निर्माण गरिएको पुल साउन दोस्रो हप्ता प्राविधिक मूल्यांकनपछि हस्तान्तरण गरिने निर्माण कम्पनीका तीर्थाराम खड्काले जानकारी दिए ।

## उपत्यकामा...

नगरपालिका-१ कुश्मीशेराबाट पक्राउ परे । सुरुआतमा केरकार गर्दा अपराध स्वीकार गरेको प्रहरी निरीक्षक खड्काले बताए । अहिले उनीविरुद्ध जिल्ला अदालतबाट म्याद थप भएर अनुसन्धान भइरहेको छ ।

प्रहरीलाई सिसीक यामेराले सघाएको यो पहिलो घटना भने होइन । केही महिनाअघि बागलुङ नगरपालिका-१ माझीबस्तीकी फूलमाया माझीको हत्यामा संलग्नलाई पनि प्रहरीले सिसी क्यामेराकै मद्दतमा पक्राउ गरेको थियो । लामो समयपछि बागलुङ बजारभित्र सिसी क्यामेरा व्यवस्थापन गर्ने काम भएपछि अपराध अनुसन्धान र नियन्त्रणमा सहज भएको उनी बताउँछन् ।

बागलुङ नगरपालिका र उद्योग वाणिज्य संघ तथा सुरक्षा निकायको सहकार्यमा बजार क्षेत्रमा सिसी क्यामेरा जडान गर्न थालिएको हो । गत आर्थिक वर्षमा बागलुङ नगरपालिकाको १२ लाख अनुदान र उद्योग वाणिज्य संघको ३ लाख ५० हजार रुपैयाँको लागतमा बजार भित्रिने र बाहिरिने मुख्य नाका तथा मुख्य चोकमा १३ सिसी क्यामेरा जडान गरिएका छन् । चालु आर्थिक वर्षमा थप १४ सिसी क्यामेरा जडानका लागि काम भइरहेको बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष नरेश कँडेलले बताए । 'बैंकले १४ क्यामेराका लागि सहयोग गरेको छ, छिट्टै काम सकिन्छ', उनले भने । बागलुङ बजारमा १ सय ८६ सिसी क्यामेरा जडान गर्ने योजना छ । बागलुङ-१ मालढुंगाबाट वडा-४ को तिरुपति चोकसम्म १५ लाख खर्चेर फाइबर बिछ्याउने काम सकिएको कँडेलले बताए । बहुवर्षीय योजना भएकाले क्रमैसँग क्यामेरा जडान हुने उनले बताए ।

'प्रहरी कार्यालयमा कन्ट्रोल रुम बनाउनेदेखि फाइबर बिछ्याउनेसम्मका काम भइसकेका छन्', कँडेलले भने । बागलुङ बजारको शान्ति सुरक्षालाई ध्यानमा राखेर बजारका विभिन्न चोकमा सिसी क्यामेरा जडान गर्ने प्रक्रिया अघि बढेको छ । यसअघि बागलुङ बजारमा जडान भएका २९ सिसी क्यामेरा प्रयोगविहीन छन् । नेपाल विद्युत् प्राधिकरणले विद्युत्का पोल स्थानान्तरण गर्ने क्रममा बिग्रिएका र निकालिएका सिसी क्यामेरा पुनः जडान हुन नसक्दा बागलुङ बजारमा हुने आपराधिक घटनाको अनुसन्धानमा समस्या हुँदै आएको थियो । बागलुङ-४ उपल्लाचौर र पाखाथरमा समेत मुख्य चोकमा सिसी क्यामेरा जडान गर्ने योजना छ ।

## सुन...

उनी दलबलसहित विमानस्थल भन्सार र अन्तर्राष्ट्रिय आगमन क्षेत्रमासमेत पुगेर अनुगमनमा जुटेका हुन् । ठूलो टोलीसहित पुगेका गृहमन्त्री श्रेष्ठ भन्सार विभागका उपसचिव नारद गौतमले ब्रिफिङ गरेका छन् । उनले सामान जाँचपास हुने क्षेत्र र जाँचपासको विधिसहित विषयमा ब्रिफिङ गरेका हुन् । करिब एक अर्ब रुपैयाँको सुन बरामद भएपछि उपप्रम श्रेष्ठले बिहीबार भन्सार विभागका महानिर्देशक शोभकान्त पौडेलसँग सोधपुछ गरेका थिए । उनले विमानस्थल सुरक्षाको विषयलाई लिएर वर्तमान पूर्वप्रहरी अधिकारीहरूसँग पनि छलफल गरेका थिए ।

## मिटरब्याजीद्वारा...

पाँच बुँदे सहमति गर्दै चर्को ब्याज असुल्नेमाथि कारबाही गर्ने प्रतिबद्धता जनाएको थियो। त्यसको दुई दिनपछि उपप्रधानमन्त्री श्रेष्ठकै प्रस्तावमा मन्त्रिपरिषद्ले विशेष अदालतका पूर्वअध्यक्ष कार्कीको अध्यक्षतामा नेपाल प्रहरीका पूर्वएआइजी उत्तमराज सुवेदी र पूर्वनायब महान्यायाधिवक्ता गणेशबाबु रेग्मी सम्मिलित तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो। त्यस लगत्तै जनकपुरमा आयोगको कार्यालय खोलेर मिटरब्याजसम्बन्धी उजुरी आह्वान गरिएको थियो।

त्यसपछि गरिएको अनुसन्धानका क्रममा चर्को ब्याजमा रकम लगानी गर्ने, साँवाभन्दा ब्याज रकम बढी लिने, रकम तिरिसक्दा पनि तमसुक राखेर ऋणीका जग्गा हडप्ने काम भएका तथ्य/प्रमाण खुलेको आयोगका अध्यक्ष कार्कीले जानकारी दिए । उनका अनुसार त्यसपछि आयोग र प्रशासनले यस्ता अपराध निरुत्साहित गर्न ऋणभन्दा चर्को ब्याजका कारण गुम्न पुगेको जायजेथा मिलापत्रबाटै फिर्ता गर्ने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको छ ।

त्यस क्रममा ८ बिघा ६ कट्ठाभन्दा बढी जग्गा ऋणीलाई नै फिर्ता गर्न मिटरब्याजी तयार भएको कार्कीले बताए । मधेस प्रदेशका चार जिल्लाका साथै कोसी प्रदेशको उदयपुरमा मिटरब्याजी र ऋणीबीच मिलापत्र गरेर जग्गा फिर्ता गराउने काम चलिरहेको छ।

नागरिकले साहुबाट सामाजिक काम, वैदेशिक रोजगारी, विवाह/व्रतबन्ध, घरायसी खर्च, घरजग्गा निर्माण/खरिद, दैनिक गुजारालगायत शीर्षकमा ऋण लिने गरेको र तमसुकमा लिएको भन्दा अधिक ब्याज असुलिएको अनुसन्धान तथा छानबिनबाट खुलेको आयोगका सदस्य सुवेदीले जानकारी दिए ।

उनका अनुसार महोत्तरीमा ३ बिघा २ कट्ठा १७ धुर, सप्तरीमा १ कट्ठा ५ धुर, सिराहामा १८ कट्ठा ८ धुर, उदयपुरमा १२ कट्ठा ११ धुर र रौतहटमा एक कट्ठा जमिन रकम लिने सर्वसाधारणकै नाममा स्रेस्ता कायम हुने गरी फिर्ता गरिएको छ। ऋण तिर्न नसकेपछि साहुले मालपोतबाटै पास गरेर र केही जबर्जस्ती जफत गरेर ती जग्गा आफ्नो बनाएको पाइएको आयोगले जनाएको छ ।

आयोगमा परेका उजुरीको अनुसन्धान र छानबिनपछि केही जिल्लाका मिटरब्याजी पीडितलाई जग्गा फिर्ता गर्न तयार भएका थिए। हालसम्म सात वटै प्रदेशका ५५ जिल्लाबाट मिटरब्याजीविरुद्ध २३ हजार ९ सय ४८ उजुरी परेका आयोगका अध्यक्ष कार्कीले जानकारी दिए । तीमध्ये करिब १ हजार ४ सय उजुरी मिलापत्रमा टुंगिएका छन्। आयोगका अध्यक्ष कार्कीका अनुसार २६ करोड ४८ लाख ८१ हजार ४ सय ७८ उल्लेख गरिएका तमसुकलाई रु १२ करोड गरी दुई पक्षबीच मिलापत्र गरिएको छ।

आयोगका अनुसार मधेसमा १८ हजार ९१, मन्त्रालयका अनुसार कोसी प्रदेशमा ७ सय ८४, बागमतीमा १ हजार २ सय ६७, गण्डकीमा १ सय ७५, लुम्बिनीमा ३ हजार २ सय २०, कर्णालीमा १ सय ५१ र सुदूरपश्चिममा २ सय ८० उजुरी परेका छन्। जिल्लागत रूपमा बारा, सिरहा, महोत्तरी र रौतहटबाट सबैभन्दा बढी उजुरी परेका छन्। प्राप्त उजुरीअनुसार मिटरब्याजीबाट ऋणीले ७८ करोड २१ लाख ५७ हजार ९ सय ७३ लिएकामा तमसुक भने १ अर्ब ४४ करोड ७९ लाख ३० हजार १७ को गरेको देखिएको आयोगले जनाएको छ।

उजुरी छानबिन र सम्बोधन गर्नै बाँकी भएका तथा मिलापत्र हुन नसकेका विषयलाई मात्रै कारबाहीको दायरामा ल्याउने गरी सुझावसहित प्रतिवेदन तयार पारिने आयोगका अध्यक्ष कार्कीले बताए । उजुरी र वास्तविक ऋण केलाएर कसैलाई पनि नोक्सान नहुने गरी मिलापत्रको बाटोमा अघि बढ्ने नीति आयोगको रहेको उनले बताए ।


# सुन्दरहरैंचा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विराटचोक, मोरङ

कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**प्रकाशित मितिः २०८०।०४।०६**

यस नगरपालिकाको मिति २०८०।०२।२८ को सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार म्याद भित्र रितपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये अधिकतम मूल्यांकित सारभुत प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र स्वीकृत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नम्बर | कामको विवरण | अधिकतम कबोल बोलपत्रदाता | अधिकतम कबोल रकम भ्याट सहित |
|---|---|---|---|
| राजश्व २।१०५ २०८०।०८१ | मृगौलिया बजार आय ठेक्का संकलन | सुजन थापा | १,०७,०००।०० |
| राजश्व ५।१०५ २०८०।०८१ | आईतबारे पशु हटिया आय ठेक्का संकलन | सुजन थापा | ५,०७,०००।०० |
| राजश्व ८।१०५ २०८०।०८१ | बुधवारे साप्ताहिक हटिया आय ठेक्का संकलन | ब्रदर्श ट्रेडर्स ईटहरी, सुनसरी | २,११,१११।०० |

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal

# Ministry of physical infrastructure & Transport

## Department of Road

## Road Division Chandranigahpur

Rautahat

# INVITATION FOR BID

**Tender Notice Number: 01/2080/81**

**First Date of Publication: 2080/04/06 (Jul 22, 2023)**

1. Road Division, Chandranigahpur invites Open Competitive Bidding (Single Stage Single/Double Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

| S.N. | Contract Identification No. | Work Site & Works Description | Est. Amount (Exclusive of VAT & Contingencies) NRs. | Time for Completion from Date of Work Order | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Bid Document Fees, NRs. |
|---|---|---|---|---|---|---|---|
| 1 | RDCNP/33701138/2080/81-01 | Maintenance along Chandranigahpur-Gaur Road, Rautahat | NA | 8 Months | 5,89,000.00 | 90 Days/120 Days | 5000.00 |
| 2 | RDCNP/33701138/2080/81-02 | Road Improvement Works along NawalpurMalangwa Road, Sarlahi | 8915863.36 | 8 Months | 2,45,000.00 | 90 Days/120 Days | 3000.00 |
| 3 | RDCNP/33701138/2080/81-03 | Road Improvement along Malangawa Nawalpur Road, Sarlahi | 6407905.80 | 8 Months | 1,76,000.00 | 90 Days/120 Days | 3000.00 |
| 4 | RDNP/33701169/2080/81-04 | Construction of Blacktop works Pokhariyaldgah Lalbakaiya Road, Rautahat. | 1,70,11,578.07 | 8 Months | 4,67,000.00 | 90 Days/120 Days | 3000.00 |
| 5 | RDNP/33701169/2080/81-05 | Road Improvement along Aadharbhut Bidyalaya Purenwadekhi Ramanand Sahkogharhudai Dabara SammSadakwada 07, Rautahat | 8534467.57 | 8 Months | 2,34,000.00 | 90 Days/120 Days | 3000.00 |
| 6 | RDCNP/33701169/2080/81-06 | Road Improvement along Pipra Bazar Bagmati Pull Gadahiya Dumariya Sadak, Sarlahi | 8520605.40 | 8 Months | 2,34,000.00 | 90 Days/120 Days | 3000.00 |

2. Information to deposit the cost of bidding document and bid security in the bank:

| Office Name | District Treasury Controller Office (Ko.Le.Ni.Ka.) Gaur, Rautahat | Contract No.: | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Rastriya Banijya Bank, Gaur, Rautahat | Con. No. 2080/081-1,2 to 6. | 04th Aug 2023 (2080/04/19) Time: 11:00 AM | 21st Augst 2023 (2080/05/04) Time: 12:00 PM | 21st Augst 2023 (2080/05/04) Time: 13:00 PM |
| Rajaswakhata No. | 1000200010000 | | | | |
| Rajaswashirshak No.: | 14229 | | | | |
| Deposit Account No.: | 1210100102030000 | | | | |
| Office code No.: - | 337012001 | | | | |

Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp .

3. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 (Twelveth Amendment-2079) and prevailing laws of Nepal. Any amendments in tender notice shall be published in e-procurement section.
4. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
5. Road Division, Chandranigahpur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.
6. If the Office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.

(शर्त सहितको र बैंक जमानत दावी गर्दा सक्कल प्रति फिर्ता गर्नु पर्ने छ भन्ने लगायतका शर्त राखिएका बैंक जमानत स्वीकार गरिने छैन, बोलपत्र अयोग्य हुने छन्)

Division Chief